मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय
चित्लाङ्ग, थाहा नगरपालिका वडा ९, बाग्मती प्रदेश
**सरसफाई सेवाको आवश्यकता बारे सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८०।०९।२४**

यस विश्वविद्यालयको हाता चित्लाङ्गमा रहेका भवनहरुको लागि दुई वर्षको लागि सरसफाई सेवाको आवश्यकता भएकोले यस विश्वविद्यालयलाई सेवा उपलब्ध गराउन ईच्छुक फर्म/कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मिति पौष २४, २०८० बाट १५ दिन भित्र यस विश्वविद्यालयको ईमेल ठेगाना info@mbust.edu.np मा वा यस **विश्वविद्यालयको कार्यालय, चित्लाङ्ग, थाहा नगरपालिका वडा ९, बाग्मती प्रदेश** मा आवेदन बुझाउन आह्वान गरिएको छ । सरसफाई सेवाको लागि आवश्यक सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्युनतम योग्यता विवरण सहितको विस्तृत सूचना तथा TOR यस विश्वविद्यालयको वेभसाईट www.mbust.edu.np बाट download गर्न सकिनेछ ।

**पेश गर्नु पर्ने कागजातहरुः**

१. फर्म/कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. आ. व. २०७९।०८० को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
४. सरसफाई सेवाको अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि
५. आर्थिक प्रस्ताव

**मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय**
**चित्लाङ्ग, थाहा नगरपालिका वडा ९, बाग्मती प्रदेश**
**सरसफाई सेवाको लागि सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्यूनतम योग्यता**

## १. परिवेश

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको भौतिक सुविधा चित्लाङ्ग, वडा नं ९ थाहा नगरपालिकामा निर्माण भइसकेका पहिलो स्नात्तकोतर भवन र दोश्रो स्नात्तकोतर भवन, दुबै भवनहरुको जम्मा क्षेत्रफल करीब २,६०० वर्ग मिटर रहको । भवनको नक्सा यसै साथ संलग्न गरिएको छ र सेवा प्रदायकले आफ्नो खर्च र जोखिममा भवनको निरिक्षण गर्न स्किने छ । भवनहरुको सरसफाई सेवा प्रदान गर्ने कम्पनीहरु मार्फत गराउने उद्देश्यले यो सेवा शर्त, कार्य विवरण तथा आवश्यक न्यूनतम योग्यता तयार गरिएको छ ।

२. सेवा शर्त, कार्य विवरण

- भवन र भवन परिसरको सरसफाईको लागि आवश्यक जनशक्ति र सरसामान उपलब्ध गराई सुपरिक्षण समेत गरेर सम्पूर्ण भवन र भवन परिसर सफा राख्ने । सेवा प्रदायकको दायित्व जनशक्ति र सरसामान उपलब्ध गराउने मात्र नभई तोकिए बमोजिम भवनहरु र परिसर सफा राख्नको लागि सम्पूर्ण आवश्यक व्यवस्था गर्ने हो ।
- सरसफाईको लागि आवश्यक जनशक्ति निर्धारण, जनशक्ति छनौट तथा आपूर्ति र सरसामानको आवश्यकता निर्धारण र आपूर्ति सेवा प्रदायकले गर्ने ।
- **सरसफाईको लागि प्रयोग गरिने सरसामान भवन तथा परिसरको भौतिक सम्पत्तिलाई हानी नोक्सान पुर्‍याउने खालको हुनु हुँदैन । सरसफाईमा प्रयोग गरिने सामान विश्वविद्यालयबाट स्वीकृत गराउनु पर्नेछ । त्यस्तै सरसफाईको लागि प्रयोग गरिने सरसामान संलग्न जनशक्ति र विश्वविद्यालयको जनशक्तिको स्वास्थ्य र वातावरणको लागि हानीकारक हुन नहुने ।**
- भवनहरुबाट निक्लने फोहर वातावरण मैत्री तरीकाले वातावरण प्रदूषण नहुने गरी विश्वविद्यालय हाता भित्र तोकिएको स्थानमा विसर्जन गर्ने ।
- सरसफाई गर्ने जनशक्ति मध्ये एक जना कार्यालय समय भरि भवन परिसरमा रहनु पर्ने र कार्यालयले तोकेको व्यक्तिको निर्देशन बमोजिम सरसफाई सम्बन्धी आवश्यक काम गर्नु पर्ने ।

- भवनको सरसफाई अन्तर्गत निम्न कामहरु पर्ने:
    - भूईं बढारेर तथा पुछेर सफा राख्ने ।
    - फर्निचर पुछेर सफा राख्ने ।
    - झ्याल, ढोका र बारको सिसा पुछेर सफा राख्ने ।
    - झ्याल, गाह्रो र सिलिङ्ग सफा राख्ने ।
    - शौचालयहरु सफा राख्ने ।
        - कमोड, प्यान
        - धारा र अन्य फिक्सरहरु
        - वास बेसिन र टेबल
        - ड्रेन
        - डष्ट बीन
        - शौचालय सफा राख्नको लागि पटक पटक पुछ्ने तथा अन्य आवश्यक काम गर्ने ।
    - भवन परिसर बढारेर सफा राख्ने ।
    - भवन भित्र बिग्रे भत्केको सामान र संरचनाबारे कार्यालयले तोकेको व्यक्तिलाई तुरुन्त खबर गर्ने ।
    - कौसी, शौचालय र पानी जम्मा हुन सक्ने अन्य स्थानमा पानी जम्मा हुन नदिन ड्रेन र ढल सधैं सफा राख्ने ।
    - शौचालयमा रहने तौलिया समय समयमा धोएर सफा राख्ने ।
- फोहर पानी प्रशोधन केन्द्र र बायो ग्यासको सरसफाई निर्देशन बमोजिम गर्ने ।
- सरसफाईमा संलग्न जनशक्तिले इमान्दारीपुर्वक आफ्नो कर्तव्य निर्वाह गर्नु पर्नेछ ।
- सेवा प्रदायकले सेवा दिंदा कुनै किसिमको हानी/नोक्सानी सामान हराउने लगायत हुन दिने छैन । यदि कुनै सरसफाईमा संलग्न जनशक्तिले मिलोमतो वा लापरवाहीको कारणले विश्वविद्यालयलाई हानी नोक्सान पुगेमा छानविन गरी सेवा प्रदायकले  क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

- सेवा प्रदायकले विश्वविद्यालयमा सरसफाईको लागि पठाइएका जनशक्तिलाई सेवा प्रदायकको परिचय पत्र उपलब्ध गराउनु पर्ने छ र सो परिचय पत्र सम्बन्धीत व्यक्तिले कार्यालयमा रहेको बेला निरन्तर रुपमा देख्ने गरी लगाई राख्नु पर्ने छ ।
- सेवा प्रदायकले विश्वविद्यालयमा सरसफाईको लागि पठाइएका जनशक्ति अदल बदल गर्दा जानकारी गराउनु पर्नेछ ।
- कुनै सरसफाईमा खटिएका जनशक्ति विश्वविद्यालयका लागि उपयुक्त नभएको भनि विश्वविद्यालयबाट सेवा प्रदायकलाई जानकारी दिएमा सेवा प्रदायकले सो जनशक्ति वदली गरी अर्को जनशक्तिको व्यवस्था मिलाउनु पर्नेछ ।
- सरसफाईमा खटिएका जनशक्तिको बोली, वचन र व्यवहार अनुशासित र मर्यादित हुनु पर्नेछ ।

३. सेवा प्रदायकको कानूनी ग्राह्यता:

प्रस्तावदाताले देहाय बमोजिमको कानूनी ग्राह्यता प्रमाणित गर्ने कागजातको प्रतिलिपि प्रस्तावसाथ पेश गर्नु पर्नेछः

- सेवा प्रदायकले विधिवतरुपमा दर्ता भएको फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्र (आवश्यक भएमा म्याद थपको प्रमाणपत्र सहित),
- मूअक मा दर्ता भएको प्रमाणपत्र र
- आव २०७९।८० को कर चुक्ता प्रमाणपत्र
- सेवा प्रदायकले एक वर्षको लागि उपलब्ध गराउने सरसफाई सेवाको लागि चाहिने खर्चको एकमुष्ठ आर्थिक प्रस्ताव

४. सेवा प्रदायकको न्युनतम योग्यता

- सरसफाई सेवा उपलब्ध गराउन ईच्छुक सेवा प्रदायकले आवेदन बुझाउने अन्तिम मिति सम्म निम्न बमोजिमको योग्यता पूरा गरको प्रमाणपत्र प्रस्ताव साथ पेश गर्नु पर्नेछ :

- कम्तिमा २००० वर्ग मिटर क्षेत्रफल भएको भवनको कम्तिमा दुई वर्ष सन्तोषजनकरुपमा सरसफाई सेवा प्रदान गरेको हुनु पर्नेछ, बढी अनुभव भएका फर्म/कम्पनीलाई ग्राह्यता दिईनेछ।

५. सेवा अवधि

- सेवा अवधि एक वर्षको हुनेछ र दररेट परिवर्तन नगरी आपसी सहमतिमा सेवा अवधि एक वर्ष थप गरिन सकिने छ।
- यस विश्वविद्यालय सेवा प्रदायकबाट उपलब्ध गराइएको सरसफाई सेवाबाट सन्तुष्ट नभएमा एक महिना अगाडि खबर गरि ठेक्का रद्द गर्न सकिने छ।

६. छनौट विधि

- सरसफाई सेवा खरिद सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अन्तर्गतको नियम ९५ सेवा करारमा लिने सम्बन्धी कार्यविधि अनुसार गरिनेछ।
- आर्थिक प्रस्ताव